# हिमाली गाउँपालिका

## धुलाचौर, बाजुरा

# आ.व. २०७५।७६ वार्षिक नीति तथा कार्यक्रम

# हिमाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

# धुलाचौर, बाजुरा

# ७ नंम्बर प्रदेश नेपाल

# २०७५ साल असार १० गते

गाउँपालिकाका उपाध्यक्ष ज्यू ,गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु उपस्थित सम्पुर्ण कर्मचारी साथीहरु,

हिमाली गाउँपालिकाको यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७५/७६ नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गैरवान्वीत भएको छु ।

नेपालको संविधान जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन पश्चात जनताका प्रतिनिधिले नै निर्माण गरेको संविधान हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई अक्षरस: पालना गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भई आज हामी हिमाली गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही आफ्नो नीति आफै बनाउने र आफ्नो लागि आफैं शासन गर्ने लोकतन्त्रको अभ्यास स्थानीय तहमा नै गर्न पाउँदा निकै खुशी छौं । देशलाई यस स्थितिमा ल्याइपुर्याउन आफ्नो प्राण उत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु,

जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र तथा संघीयता स्थापना गर्न अहम् भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई स्मरण गर्न चाहन्छौं । संघीयता र स्थानीय सरकार मार्फत गाउँ गाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैँ बनाउँ, जनताको सबै भन्दा नजिकको सरकार जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । नेपालको संविधान, को प्रावधान अनुसार अधिकार र स्रोत साधनसम्पन्न स्थानीय तहको गठन भएको छ । उक्त स्थानीय तह सरकारकै रुपमा रहेको र कानुनी प्रावधान अनुसार व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको प्रयोग गर्ने व्यवस्था रहेको छ । स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको र देशमा राजनीतिक रुपमा स्थायित्व कायम भएको, विकासका गतिविधिहरु फस्टाउने सम्भावनाहरु देखिएको, नेपाल गत आ.व. २०७३।७४ मा सबैभन्दा धेरै आर्थिक वृद्धि गर्ने देशको सुचिमा अगाडि रहेको, सक्रिय जनसंख्याको हिस्सा उच्च रहेको, जनतामा विकासप्रतिको तीव्र चाहना, जनप्रतिनिधिमार्फत स्थानीय तहमा नै जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्वको अभ्यास हुने, स्थानीय तहदेखि नै लोकतन्त्रको असली अभ्यास हुन थाल्नु ग्रामीण क्षेत्र विकासका नयाँ संकेतहरु हुन् । स्थानीय तहले आफैँ आफ्नो क्षेत्रभित्र लगाउने कर, शुल्क तथा राजश्वको दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँगाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको वृहत छलफलपश्चात कार्यपालिकाले स्वीकृत गरी गाउँसभामा आज पेश हुन आएको हिमाली गाउँपालिकाको पहिलो वर्षको वार्षिक नीति तथा कार्यक्रम साथै बजेट घोषणा गर्न पाउँदा म निकै हर्षित एवम् गौरवान्वित छु ।

उपस्थित गाउँपालिका अध्यक्ष ज्यू लगायत गाउँसभा सदस्य ज्यू हरु :
अव म यस हिमाली गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

1. विगत १९ वर्षदेखि रिक्त स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको एक वर्ष पूरा भएकोछ । अवका दिनमा हिमाली गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष जनसहभागीता गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको आर्थिक सम्वृद्धि कायम गर्ने प्रमुख नीति लिईएको छ ।

2. यस क्षेत्रमा सडकको पुर्वाधार विकास गर्न निकै कठिन छ । अवको दिनमा यहाँ सडक निर्माण गरी गाउँगाउँमा बाटो ल्याउनेतर्फ विशेष प्राथमिकता दिइने ।हाल यस गाउँपालिका क्षेत्रमा बाँधु देखि कवाडि सम्म कर्णाली करिडोर निर्माणाधिन ट्रयाक खोल्ने काम भइरहेको अवस्थामा छ । यस वर्ष यस करिडोर छोएका कम्तीमा तिन वटा वडा कार्यालयमा मोटर बाटो पुगिसकेको अवस्था छ । उक्त सडकको स्तर उन्नती गर्नका लागि थप बजेटको व्यवस्था गर्नुका साथै वाँकी वडाहरुमा सडक सञ्जाल सँग जोड्नको लागि आवश्यक सम्भाव्यता अध्ययन गरी उपयुक्त बजेटको व्यवस्था गरिनेछ ।

3. गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा क्रमश: गाउँपालिका क्षेत्रभित्र रहेका काठे एवम ढुङ्गे पुलहरुलाई विस्थापित गर्दै झोलुंगेपुल निर्माणतर्फ ध्यान केन्द्रित गरिनेछ ।

4. हिमाली गाउँपालिकामा कृषि अन्न तथा वालीहरु उत्पादनको लागि मौसम प्रतिकुल छ । यस क्षेत्रमा अनुकुल समयमा उत्पादन हुने आलु, गहुँ, कोदो, सिमि, जौं,फापर लगायतका अन्नको उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याइनुका साथै यस क्षेत्रका बाँधु, पाँडि, धिम, बोल्ढिक, फैति रुगिन, बिँछ्या जस्ता ठाउँलाइ अन्न तथा नगदे बालीको लागि सम्भाव्यता अध्ययन गरि पकेट क्षेत्र घोषणा गरि तदअनुरुप क्रियाकलाप संचालन गरिने छ । पशुपालनको रुपमा भेडा, च्यांग्रा बाख्रा, तथा झुमा गाईको व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नुका साथै निर्यात गर्नेतर्फ कार्यक्रमहरु ल्याइनेछ । पशुजन्य उद्योगहरु स्थापना गर्न प्रोत्साहन दिइनेछ ।

5. हिमाली गाउँपालिकाको सम्पुर्ण क्षेत्र भित्र रहेका ऐतिहाँसिक मठ मन्दिर, गुम्वा एवम् मानेहरुको उचित संरक्षण गरिनेछ । यस क्षेत्रको सांस्कृतिक तथा स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गर्ने, सामाजिक

सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

6. उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो । उर्ज क्षेत्रको विकासको लागि आवश्यक पहल गरिनेछ । यस गाउँपालिका क्षेत्रभित्र रहेका खोलानालाबाट विद्युत उत्पादनको लागि सम्भाव्यता अध्यायन गर्नको लागि पहल गरिनेछ ।

7. आजको युग सुचना र सञ्चारको युग हो । सुचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिँदैन ।यस क्षेत्रमा रेडियो तथा एफएम सुनिने व्यवस्था तथा ईन्टरनेट सहितको सुचना प्रविधिको विकासका सम्भावनाबारे सम्बन्धित निकाय सँग समन्वय गरिनेछ साथै वर्ष भित्र यस गाउँपालिका लगाएत वडा कार्यालयहरुमा इन्टरनेट सुविधा पुऱ्याईनेछ ।

8. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइएको छ । महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपाङ्गमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षा वापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ र यस समुदायको विकासको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यक हरुलाई समेत विकासको मुलधारमा ल्याउन विभिन्न सिपमुलक तालिमहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

9. सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ । यस कार्यक्रम संघीय सरकार मार्फत सञ्चालन हुने भएपनि लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ । एवं सामाजिक सुरक्षा भत्ता प्रत्येक व्यक्तिको घरघरमा पुऱ्याईने व्यवस्था मिलाईनेछ ।

10. यस गाँउ पालिकाका ६५ बर्ष भन्दा माथि र ७० बर्ष भन्दा मुनिका जेष्ठ नागरिकहरुको बिबरण तयार गरि मासिक रु २००। अक्षररुपि दुइ सय मात्र । र ग र घ वर्गका सम्पुर्ण अपागं हरुलाइ मासिक रु. १००। अक्षररुपि एक सय मात्र । सामाजिक सुरक्षा भत्ता बापतको रकम उपलब्ध गराइने छ ।

11. गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । साविक खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालयमार्फत सञ्चालनमा रहेका वहुवर्षिय आयोजनाहरुलाई तोकिएकै समयमा सम्पन्न गर्न थप पहल गरिनेछ । फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने साथै निकट भविष्यमा नै यस क्षेत्रलाई पुर्ण सरसफाइ युक्त बनाउनका लागि आवश्यक पहल गरिनेछ ।

12. यस क्षेत्रको जीवनबुटीको रुपमा रहेका महत्वपुर्ण जडिबुटी यार्सागुम्वा,कटुकि सदुवा, पाँचऔले, निर्मसी, जटामसी लगायतका महत्वपुर्ण जडिबुटि संकलन कार्यलाई थप व्यवस्थित गर्ने तर्फ पहल गरिनेछ । जडिबुटिको व्यवस्थित वजारको खोजी गर्ने र उचित मुल्य प्राप्त गर्नका लागि पहल गरिनेछ । यस क्षेत्रमा पाइने महत्वपुर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन, प्रशोधन र बजारीकरणका लागि विभिन्न निकायसँग सहकार्य र समन्वय गरी उचित व्यवस्था गर्ने तर्फ ध्यान केन्द्रित गरिनेछ साथै यस क्षेत्रमा रहेका खानीको खोज अनुसन्धान तथा उत्खननको लागि यथोचित प्रयास गरिनेछ । यस क्षेत्रमा पाईने लोपोन्मुख वन्यजन्तु रेडपान्डा, हिमचितुवा ,बाघ , भालु , डाँफे, कस्तुरी,झारल लगायतका वन्यजन्तुको संरक्षणको लागि आवश्यक पहल गरिनेछ ।

13. हिमाली क्षेत्र पछाडि पर्नाका एक महत्वपुर्ण कारण शिक्षा क्षेत्रमा पिछडीनु हो । यस गाउपालिका क्षेत्रमा हाल रहेका अधिकांश विद्यालय निजि श्रोतबाट सञ्चालित छन ।यस क्षेत्रका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुलाई विद्यालयमा नै टिकाइराख्न विविध कार्यक्रमहरु ल्याइने छ । विद्यालयभन्दा वाहिर रहेका वालवालिकालाई विद्यालय क्षेत्रभित्र ल्याउनका लागि भर्ना कार्यक्रमहरु, अभिभावकको लागि जनचेतना कार्यक्रमहरु ल्याइनेछ ।

शिक्षाको संरचना पनि गाउँपालिकामा आइसकेको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम, सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा, प्रौढ शिक्षा, प्राविधिक शिक्षा, चेलीवेटी शिक्षा, युवा शिक्षा, लगायतका कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । वालवालिकाको लागि आउने दिवा खाजा कार्यक्रम, वालमैत्री स्थानीय शासन कार्यक्रम लगायत वालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुलाई समावेश गर्दै लगिनेछ । विद्यालयको पुर्वाधार विकास, वैदेशिक अनुदानलाई गाउँपालिकामार्फत ल्याउने, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा वृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ ।

14. हिमाली गाउँपालिका नेपालकै दुर्गम बाजुरा जिल्ला पिछडिएको क्षेत्रमा अवस्थित स्थानीय तह भएको कुरा प्रष्ट छ । जिल्ला सदरमुकाम भन्दा अत्यन्तै टाढा रहेकाले यस क्षेत्रको आर्थिक, शैक्षिक, सामाजिक, साँस्कृतिक अवस्था दयनीय रहेको छ । देश विकास तथा मानव विकासको मेरुदण्ड मानिने शिक्षालाई सरोकारवाला सबैको ध्यान यस क्षेत्रको शैक्षिक सुधार तर्फ केन्द्रित हुने निति ल्याइनेछ । सरोकारवाला शैक्षिक निकायहरु द्वारा शिक्षक तथा विद्यार्थीहरुको हाजिर लगायत विद्यालयको विविध पक्षको यथार्थ जानकारी लिन समय समयमा विभिन्न विद्यालयहरुको निरन्तर अनुगमन तथा मूल्यांकन गरी प्रत्येक विद्यालयगत रुपमा रेकर्ड राखी दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

15. यस हिमाली गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुलाई अंग्रेजी माध्यममा सञ्चालन गर्न प्रोत्साहन गरि +२ र उच्च शिक्षामा विषयगत विशिष्टता कायम राख्नका लगि विद्यालय र क्याम्पस वीच समझदारी कायम राखिने छ ।

16. शैक्षिक संस्थाहरुको गुणस्तर सुधार गर्न यस गाउँपालिकामा शिक्षा शाखा कार्यालय स्थापना गरि व्यवस्थित शिक्षा प्रणालीको विकास गरिनेछ । विद्यालयहरुको गुणस्तर वृद्धि गर्न तालिमको व्यवस्था, प्रतिस्पर्धाको वातावरण, पुरस्कार एवं दण्डको व्यवस्था गरिनेछ ।

17. सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरि “सवैका लागि र सधैका लागि शिक्षा” भन्ने नारालाई मूर्तरुप दिन विभिन्न बालमैत्री कक्षा शिक्षण संचालन गरिनेछ ।

18. कला र संस्कृतिको विवकास र संरक्षण गरिनेछ ।

19. हिमाली गाउँपालिकाको परिक्षा प्रणालीमा एक रुपता ल्याइ जसबाट उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पूरस्कृत गर्ने निती लिइनेछ ।

20. गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयबाट एस.इ.इ उतिर्ण गर्ने दलित तथा विपन्न जेहेन्दार छात्रा-छात्रलाई प्राविधिक डिप्लोमा तह सम्मको अध्ययन गर्नको लागि आवश्यक छात्रवृतीको व्यवस्था गरिनु पर्नेछ ।

21. शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यार्थी शिक्षक अनुपात गणना गरी थप शिक्षक कर्मचारी नियुक्ति गरिने छ ।

22. शिक्षाको गुणस्तरमा सुधार ल्याउन विद्यालय अनुगमनलाई प्रभावकारी गरिनु पर्नेछ

23. विद्यालय स्तरिय, वडा स्तरिय तथा गा.पा. स्तरिय वौद्धिक, शारिरिक, तथा अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

24. विद्यालयमा गरिने भौतिक निमार्ण तथा अन्य क्रियाकलापहरुलाई बालमैत्रि बनाइने छ ।

25. विद्यालयका प्रअ. शिक्षक तथा विद्यालय सगँ सम्बन्धीत विभिन्न सरोकारवालाहरुलाई नेतृत्व तथा क्षमता विकास गराउने कार्यक्रम सञ्चालन गरिने छ ।

26. शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यार्थी, शिक्षक, अविभावक वा अन्य सरोकारवालालाई आमस्मीक तथा नियमित प्रोत्साहन गरिने कार्यक्रम लागु गरिने छ ।

27. सामुदायिक तथा निजी विद्यालयहरु लाई शिक्षा ऐन तथा नियमावली बमोजिमको कानुनि प्रक्रिया अपुग भएका विद्यालयलाई खारिज गरिने छ ।

28. गा.पा. भित्र कम्तीमा एक विद्यालय द्धारा प्राविधिक शिक्षा प्रदान गरिनेछ विद्यालयहरुमा विधुतिय हाजिरी गर्ने व्यवस्था गरिनेछ ।

29. गाउँपालिका स्तरमा खेल पूर्वाधार निमार्ण गर्न गाउँपालिका केन्द्र धुलाचौरमा रंगशाला निमार्ण कार्य प्रारम्भ गरीने छ । युवाहरुलाई खलेकूद प्रति आकर्षित गर्नकालागि गाउँपालिका स्तरमा गाउँपालिका अध्यक्ष कप आयोजना गरी खेलाडिहरुलाई  सम्मान तथा प्रोत्साहनको कार्यक्रमहरु सञ्चालन गरि यसका लागि खेलकुद विकास कोष स्थापना गरिनेछ ।

30. युवा स्वरोजगारका लागि आवश्यक नीति तथा कार्यक्रम तय गरिनुका साथै युवामुखी क्रियाकलाप संचालन गरिनेछ ।

31. नयाँ प्राविधिक सम्बन्धी तालिम प्रदान गरिने कार्यक्रम लागु गरिनेछ ।

32. गाउँपालिकाका हरेक क्रियाकलापहरु प्रविधियुक्त बनाईनेछ ।

33. आवश्यकता स्तरिकरण अध्ययन गरि गा.पा. भित्रका सरकारी संघ सस्थाहरुलाई विज्ञान प्राविधिक सम्वन्धी उपकरण प्रदान गरिनेछ । गुणस्तरिय सेवा प्रवाहमा जोड दिईनेछ ।

**34.** स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS , लागू पदार्थ तथा दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ । जहाँका जनता स्वस्थ हुन्छन्, त्यस ठाउँको विकास छिटो हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्रमा स्वास्थ्य चौकि २ वटा, वर्थिङ सेन्टर २ वटा मात्र भएकोमा यस क्षेत्रको प्रत्येक वडामा स्वास्थ्य चौकि स्थापना साथै केन्द्रमा १५ सैयाको सुविधा सम्पन्न अस्पताल निर्माण गर्नका लागि पहल गरिनेछ र स्थास्थ्य कर्मीको बसाईलाई टिकाइराख्न उचित कार्यक्रमहरु सुरुवात गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रम, म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । स्वास्थ कार्यालयको संरचना समेत यस कार्यालयमा आउने प्रतिवद्धता भइसकेकोले उक्त स्वास्थ्य कार्यालयमार्फत भएका सम्पुर्ण कार्यक्रमलाई अक्षरसः पालना गरिनेछ । गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त बनाउनका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु परिचालन गर्न थप पहल गरिनेछ । युवा युवतीहरुको लागि किशोर किशोरी मैत्री शिक्षा, यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा तथा नसर्ने रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

35. **कुपोषण न्युनीकरण**का लागि हिमाली गाउँपालिकामा कम्तीमा २ ठाउँमा OTC सेन्टर स्थापना गरी उक्त क्रियाकलापलाई निरन्त्रता **दिइने छ ।**

36. योग शिविर, आरोग्य केन्द्र जस्ता स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गरिनेछ।

37. पाठेघरको क्यान्सर , पाठेघर खस्ने , मोतीविन्दु जस्ता रोगको पत्तालगाई उपचार गर्ने शिविर सञ्चालन गर्ने नीति ल्याईनेछ ।

38. यस गाउँपालिका भित्र मेडिकल स्थापना गर्दा आदिकारिक प्रमाणपत्र लिई मात्र सञ्चालन गर्न पाउने नीति ल्याईनुका साथै गाउँपालिकाको आधिकारिक फार्मेसी स्थापना गर्ने नीति ल्याईनेछ ।

39. **पूर्ण खोप युक्त तथा पुर्ण सरसफाइ युक्त गाउँ पालिका बनाइने निति ल्याइने छ ।**

40. **जिल्ला स्वास्थ्य कार्यलयको समन्वयमा नेपाल सरकारको नियमानुसार निरक्षर म. स्वा. स्वम. से. लाई व्यवस्थापन गरि साक्षर महिला स्वा. स्वम. से. को व्यवस्था गरिने छ ।**

41. **प्रत्येक बस्तीमा गाउँघर क्लीनिक स्थापना गर्ने निति ल्याइने छ ।**

42. **विद्यालय स्वस्थ्य कार्यक्रम संचालन गरिने छ ।**

43. भि डि ओ एक्सरे मार्फत समुदायमा गर्भवती महिलालाई गर्भ चेकजाँज सुविधा प्रदान गरिने छ ।

44. महामारी तथा अकस्मिक आइ पर्ने स्वास्थ्य समस्यालाई समाधान गरने निति ल्याइने छ ।

45. यस गा.पा.को केन्द्रमा तत्कालका लागि उपचारात्मक सेवा सञ्चालन गर्नका लागि ल्याव सहितको जनशक्ति सामाग्री र भौतिक पूवाधारको व्यवस्थाका साथै स्वास्थ्यको पहुँचमा नभएका वडामा सामुदायिक स्वास्थ्य इकाइको व्यवस्था गरिने छ ।

46. यस गा.पा. भित्रका सम्पूर्ण स्वास्थ्य संस्थामा औसधि र उपकरण को व्यवस्था गरिने छ ।

47. विद्यालयमा प्राथमिक उपचारका लागि पहिलो सहयोग बाकस (First aid box) वितरण गर्ने नीतिको व्यवस्था गरिनेछ ।

48. यस गाउँपालिकामा रहेका छाउपडि प्रथा तथा छुवाछुत प्रथा लगायतका कुप्रथा लाई अन्त्य गर्ने नीति ल्याइनेछ ।

49. समय-समयमा घुम्ति स्वास्थ्य सेवा सञ्चालनमा ल्याइनेछ ।

50. यस गा.पा.लाई फोहोर मूक्त गा.पा. वनाउने विभिन्न सरसफइ सम्वन्धी कार्यक्रम लागु गरिर्नेछ ।

51. जनसङ्ख्या नियन्त्रण तथा वातावरणीय संरक्षण गरिने कार्यक्रम लागु गरिनेछ ।

52. महिला , दलित तथा जनजातिहरुका लागि विशेष कार्यक्रम उपलब्ध गराईनेछ ।

53. बालबालिकाको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, मनोरञ्नात्मक र सामुहिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

54. बालमैत्री तथा अपाङ्गमैत्री स्थानीय शासन अनुरुपमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

55. भिन्न क्षमता भएका नागरिकका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

56. आर्थिक उपार्जन तथा जीवन स्तर उकास्नका लागि सीपमुलक तालिम र क्षमता विकासका क्रियाकलाप संचालन गर्नु पर्नेछ ।

57. यस हिमाली गा.पा.मा सरकारी तथा गैरसरकारी सस्था. वाट लागु गरिने सम्पूर्ण कार्यक्रमहरु सम्वन्धीत गै.स.स. संग समन्वय गरि एकद्धार प्रणाली मार्फत कार्यक्रम कार्यन्वयन गरिनेछ ।

58. नयां संचालनमा आउने गैरसरकारी सस्थाले कार्यक्रम लागु गर्दा यस गा.पा.को पूर्ण स्वीकृति लिनुपर्ने नीति ल्याइनेछ ।

59. गाँउ पालिकाको कार्यालय, वडा कार्यालय, र बिषयगत शाखाका कर्मचारीहरुमा chain of command सेवा प्रवाहमा प्रतिबद्धता , सेवा ग्राहि प्रति उत्तरदायि , जवाफदेहिता कायम गर्नका लागि कर्मचारी आचारसंहिताको पूर्ण रुपमा पालना गरिने छ ।

60. कर्मचारी क्षमता विकासको लागि समय सापक्षे विभिन्न सिपमुलक तालिम तथा सेवाकालिन तालिम संचालन गरिनेछ । विभिन्न शाखा प्रमुखहरु सँग

कार्यसम्पादन करार गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीती लिइनेछ ।

61. गाउँपालिकाको व्यबस्थित विकासको लागि सल्लाहकारहरु ,विषय विज्ञ, consultant र अन्य आवश्यकता बमोजिम जनशक्ति नियुक्ति तथा व्यबस्थापन गरिनेछ ।

62. हिमाली गाउँपालिका भौगोलिक, आर्थिक, शैक्षिक रुपमा पिक्षडिएको भएकाले यस क्षेत्रको समग्र विकास का लागि प्रदेश सरकार तथा केन्द्र सरकार समक्ष प्रशासनिक तथा प्राविधिक कर्मचारी व्यबस्थापनको लागि अनुरोध गरिनेछ ।

63. यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत प्रशासन सहायक / लेखा सहायक / कम्प्यूटर अपरेटर , कार्यलय सहयोगिहरु/पालेहरुलाई आवश्यक प्रक्रिया अनुसार अर्को व्यवस्था नभएसम्मका लागि मिती २०७५ श्रावण १ गते देखि लागु हुने गरि करार अवधि थप गर्ने र नियमबमोजिम पारिश्रमिक दिइने छ ।

64. संघिय सरकार, प्रादेशिक सरकार र स्थानिय तहको ऐन नियमानुसार गाउँ कार्यपालिकालाई आवश्यक पर्ने स्रोतको व्यवस्था हेरी संगठन संरचना र दरबन्दी सिर्जना गर्न पहल गरि organization development (od) अध्ययनको आधारमा पदपूर्ति गरिनेछ ।

65. गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमता युक्त र प्रभावकारि बनाउदै अत्यावश्यक रिक्त दरबन्दीहरुमा उपयुक्त प्रकृयाबाट पदपूर्ति गरिनेछ ।

66. सुशासन स्थापनाका लागि आवश्यक कानुन, नियम, विनियमावली, कार्यविधि आदिको निर्माण गरि लागु गरिनेछ ।

67. कार्यलय समयबाहेक को अवद्धिमा कामगर्ने कर्मचारीलाई आवाश्यक रकमको व्यवस्था गरिनेछ ।

68. गाउँपालिकाको कार्यसम्पादनलाई छिटो छरितो, पारदर्शि , सेवाग्राहीमैत्री तुल्याउन तथा व्यवस्थापकीय क्षमता अभिवृदि गर्न सबै कर्मचारीहरुको कार्यविवरण बनाई लागु गरिनेछ ।

69. गाउँपालिकाको संस्थागत क्षमता विकासका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

70. गाउँपालिकालाई आवश्यक मेसिनेरी औजार, ढुवानीका साधन र सवारी साधनहरु खरिद गरिनेछ ।

71. गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत हिमाली गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिइनेछ ।

72. हिमाली गाउँपालिका भौगोलिक रुपमा अति विकट भएको र यस क्षेत्रमा कर्मचारीहरुलाई काम गर्न उत्प्रेरित गर्नको लागि कार्य वातावरण सहज बनाउनुका साथै आवश्यक प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

73. यस हिमाली गाउँपालिकामा कार्यरत सरकारी तथा गैरसरकारी संघ सस्थाहरुलाई एकद्धार प्रणाली मार्फत विभिन्न भौतिक निमार्ण तथा क्षमता विकासका क्रियाकलाप सञ्चालन गरी जनताको जनजिवन स्तरमा सुधार ल्याउने नीति लिईने छ ।

74. गाउँसभा सञ्चालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धि विविध विषयलाई कडाईका साथ पालनामा जोड दिइनेछ ।

75. जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिताको पालनामा विशेष जोड दिईने छ ।

76. गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत बैठक सञ्चालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिइनेछ ।

77. शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को  पालनामा जोड दिईनेछ ।

78. प्रत्येक वडाका सडक, खानेपानी, सिंचाई र फोहोर व्यवस्थापन गर्न योजना बैंक निर्माण गरि सम्बन्धित क्षेत्रवाट कार्यान्वयन गर्ने ।

79. **हिमाली गाउँपालिकाका** स्तरिय **गौरव योजनाहरुमा जस्तै रंगशाला निर्माण** कुवाडि लघु जलविद्युत आयोजना , कर्णाली करिडोरबाट सातै वडामा सडक , धिम खानेपानी ,धुलाचौर खानेपानी , **औद्यौगिक क्षेत्र प्राविधिक शिक्षालय जडिबुटि उद्योग लगायतका अन्य भौतिक पूर्वाधारको** DPR

तयार गर्नुको साथै हाल निमार्ण भईरहेका तथा पूरा नभएको आयोजनाहरुलाई निरन्तरता दिईनेछ ।

80. खानेपानी, सिचाई लगायतका भौतिक योजनाहरुमा कम्तीमा ५ प्रतिशत मर्मत सम्भार कोष खडा गरिनेछ। ।

81. उपभोक्ता समितिबाट सम्पन्न गरिने योजनाहरुको लागी आर्थिक वर्षको पहिलो चौमासिक भित्र स्थानिय स्रोत परिचालन निर्देशिका २०६९ बमोजिम कार्य प्रकृया संचालन गरिनुका साथै कार्य विवरणको कार्य तालिका बनाइ लागु गरिनेछ ।

82. यस गा पा को बाँधु देखि कुवाडी सम्म कर्णाली कोरीडोर निर्माणाधिन अवस्था छ यो आ व मा यस कोरीडोर छोएका वडानं. ४, ५,६,७ मा निमार्ण भइरहेका सडकहरुलाई आगामि सालमा पनि निरन्तरता दिईनुका साथै बाँकि ३ वटा वडाहरुमा मोटरबाटो पुर्‍याउनको लागी आवश्यक सम्भाव्यता अध्ययन गरी सडक निमार्ण गरिनेछ ।

83. आत्यावश्यक मेशनरी तथा निर्माण सामग्री खरिद हुने योजना बाहेक अन्य योजनामा कुल लागतको २५ प्रतिशत सम्म पेश्की रकम दिईने निति लिईने छ ।

84. गाउँ पालिका भवन र वडा कार्यालय भवन निर्माण गर्नको लागि निशुल्क रुपमा जग्गा उपलब्ध गराउने वडालाई प्राथमिकता दिई आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

85. गा पा क्षेत्रभित्रका पूर्वाधार निर्माण गर्दा वडा तथा गाउँपालिका प्रान्त र संघ गरि ३ तहमा वर्गिकरण गरिनुपर्ने छ ।

86. आर्थिक वर्षको दोस्रो चौमासिक सम्म कम्तिमा ७० प्रतिशत काम सम्पन्न गर्न प्रयास गरिनेछ ।

87. गाउँ पालिकामा अन्य संघ संस्थालाई कार्य संचालनमा सहजताका लागि साझेदारी कोषको व्यवस्था गरिनेछ ।

88. गाउँ पालिकामा संचालित सम्पुर्ण संघ संस्थाको नियमित अनुगमन मुल्याङ्कन गाउ पालिकाबाट गरिनेछ ।
89. महिला, बालवालिका, किशोरी, युवा, जनजाती तथा पछाडी परेका सिमान्तकृत बर्गलाई व्यावसायिक सिपमुलक क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
90. यस हिमाली गाउँपालिकाको उत्तरी क्षेत्र सैनचौर लगायतका क्षेत्रमा अबैधरुपमा जडिवुटी तथा वन्यजन्तुको चोरी सिकारी भएको हुँदा सुरक्षा बलको स्थापनका लागि सम्बन्धीत निकायमा पहल गरिनेछ।
91. समृद्धिका लागी वन भन्ने मूल नारा लाई आत्मसात गर्दै सामुदायिक वन ,कवुलियत वन , रानी वन क्षेत्रको संरक्षण तथा सम्वद्धन गर्न आवश्यक सुरक्षाको व्यवस्था मिलाईनेछ।
92. सुशासन कायम गर्नका लागि गाउँपालिका तथा वडामा नागरिक वडापत्र, सर्तकता केन्द्र साथै प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना साथै प्रत्येक वडामा कम्तीमा एक जना मेलमिलापकर्ताको व्यवस्था गरिनेछ।
93. नागरीकहरुको गुनासाहरुलाई व्यवस्थापन गर्नको लागि गुनासो सुनुवाई संयन्त्रको विकास गरिनेछ।
94. पर्यटन क्षेत्रको विकास गर्ने गाउँपालिका भित्रका सबै वडाहरुमा सडक संजालको विस्तार , मन्दिर तथा देविस्थल निर्माण , गुफा ब्यवस्थापन , खरि ढुङ्गा,चुन ढुङ्गाको उत्खनन,जंगल ,पाटन क्षेत्रको संरक्षण निति अवलम्बन गरिनेछ ।
95. कवाडीको पानी उज्यालोमा लगानी निति अनुरुप विद्युत क्षेत्रको गाउँ पालिकाको प्रत्येक बस्तिमा विद्युत सेवा विस्तार गरिनेछ ।
96. गाउँपालिका भित्र गाउँ प्रहरीको स्थापनाका लागि आवश्यक नीति बनाई कार्यन्वयन गरिनेछ।
97. गाउँ पालिका भित्रका पसल होटल अनिबार्य दर्ता गरी मात्र संचालन गर्ने निति लागु गरिने छ।
98. आयआर्जनमा महिलाको सहभागितालाई प्रोत्साहन गरिनेछ।
99. गाउँपालिकाको केन्द्र धुलाचौरमा सार्वजनिक पार्क निमार्ण गरिनेछ।
100. साना सिचाई कार्यक्रम लाई प्राथमिकता दिईनेछ।
101. उत्पादन क्षेत्र जोड्ने प्रत्यक बस्तिमा कृषि सडकलाई विस्तार गरिनेछ।
102. तरकारी फलफुल तथा जडिबुटीको विरुवा उत्पादन कार्यलाई वृद्धी गर्न प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

103. आर्थिक क्षेत्रको विकासको लागि २० बर्षे दिर्घकालिन र ५ बर्षे अल्पकालिन रणनिति तय गरिनेछ ।

104. कृषि उत्पादनलाई प्रोत्साहन र विक्री वितरणमा सहजता ल्याउन गाउँपालिका केन्द्रमा पुर्वाधार विकास गरी साप्ताहिक कृषि,पशु पंक्षी हाटवजार संचालन गर्न पहल गरिनेछ ।

105. कृषि मल विउ ,पशु पंक्षी औषधी व्यबशाय -एग्रोभेट)संचालन गर्ने निजि क्षेत्रका व्यबशायिलाई प्रोत्साहन कार्यक्रम संचालनमा ल्याईनेछ ।

106. हिमाली गाउँपालिकाको भु-वनावट अनुकुल क्षेत्रको छनोट गरी आवश्यक बोटविरुवा उत्पादन गर्ने नर्सरीको व्यवस्था गरिनेछ ।

107. स्थानिय स्रोत साधनमा आधारित सिप मुलक कार्यक्रम संचालन गरी कम्तीमा प्रति बर्ष १५ जना रोजगारी हुने कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

108. खाद्य तथा पशु पंक्षि पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिनेछ ।

109. रैथाने तथा अपहेलित बालिको उत्पादन र संरक्षणमा जोड दिई बजारिकरण गरिनेछ ।

110. रोग किरा नियन्त्रण,रसायनिक मल प्रविधिलाई निरुत्साहित गर्दै जैविक प्रविधी संचालन गरिनेछ ।

111. जल,जंगल,गैरकाष्ठ वन पैदावार,जडिबुटी,फलफुल खेति,पशुपालनमा आधारित उद्योग(जटिबुटी प्रशोधन,अल्लो भाङ्ग्रो, स्याउ प्रशोधन,उन प्रशोधन, मह प्रशोधन , गैरकाष्ठ,वास,निगालोका सामग्री आदी ) संचालन गरिनेछ साथै उद्योग धन्दामा आधारित परिवारका बच्चाका लागि दिवा स्याहार केन्द्रको व्यवस्था गर्ने निति लिईनेछ ।

112. बन ,भुसंरक्षण,कृषि तथा पशुपंक्षि विकास क्षेत्रको साझेदारीमा कृषि फार्म, सामुदायिक वन ,पहिरो ग्रस्त क्षेत्रमा डाले तथा बहुवर्षिय घाँस खेति , जडिबुटी खेति ,फलफुल विकासका कार्यक्रम संचालनका कार्यलाई अघि सारिनेर्छ ।

113. देशको अर्थतन्त्रको मेरुदण्ड कृषि तथा पशुपालन क्षेत्रको विकास नै यस गाउँपालिकाको प्रमुख आधार भएकाले प्रत्येक वडामा एक कृषि एक पशु स्वास्थ्य प्राविधिक राख्ने निति अघि सारिनेर्छ । सारिनेछ

114. कृषि क्षेत्रको विकासका लागि न्युनतम १५ प्रतिशत बजेट अबिलम्ब ब्यबस्था गरिनेर्छ ।

115. निर्बाहमुखि खेति प्रणालिलाई छोडी व्यावशायिक कृषि प्रणाली जोड दिईनेर्छ ।

116. योगदानमा आधारित अनुदान दिने कार्यक्रमको थालनी गरिनेछ ।

117. जलबायु परिवर्तन अनकुलनका कार्यक्रम संचालन गरिनेछ ।

118. फ्रेसहाउस ,बिउ वैङ्क ,कोल्ड स्टोर, रष्टिक स्टोर निर्माणका कार्यक्रम संचालन को लागि गरिनु पर्ने देखिन्छ ।

119. 'गरिबि मुक्त हाम्रो हिमाली, खेति गरौ पशुपंक्षि र कृषिवालि' भन्ने निति अर्न्तगत कृषि तथा पशु पंक्षि क्षेत्रको बिकासका लागि नियमित अनुगमन प्रणाली कृषिजन्य ,दुग्ध जन्य पदार्थको उपयोग,प्रशोधन र बजारीकरण कार्यक्रम, लोप उन्मुख पशु पंक्षि ,बालिनालिको स्थानिय तथा पर स्थानिय रुपमा संरक्षण ,अण्डा ,मासु ,दुध,खाद्यान्न बालि, फलफुल ,तरकारी,नगदेवालिमा आत्म निर्भर वनाउने, कार्यक्रम संचालन गरिनेछ ।

120. हिमाली गाउँपालिका वडा नं. १, २, ३ क्षेत्रमा हल्दी खेतिको पकेट क्षेत्र घोषणा गरि उक्त क्षेत्रको विकाशको लागि आवश्यक रकमको व्यवस्था गरिनु पर्नेछ ।

121. १ घर १० वोट डाले घाँस खेति, १ करेसावारी ,१ बहुबषिय घाँसे बगैचा ,१ धुवा रहित चुलो ,१ मल खाल्डो ,गोठेमल व्यवस्थापन तथा गोठ सुधारका कार्यक्रम तत्काल संचालनमा ल्याईनुपर्छ ।

122. पशुपंक्षि तथा कृषि जन्य रोग नियन्त्रणका लागि साधारण ल्याव, माटो परिक्षण प्रयोगशाला, जैविक विषादी व्यवस्थापनमा व्यवस्था गरिनेछ ।

123. धुम्रपान, मध्यपानको ईजाजत पत्र लिएको व्यात्तिले निश्चित अवधी भित्रमा मात्र कारोवार गर्ने र अन्य नेपाल सरकारद्धारा प्रतिवन्धित लागुपदार्थ कारोवार गरेमा रोकावट र जरिमाना गर्ने निति लिईनुपर्छ ।

124. जोखिम बस्तीलाई बस्ती बिकास तथा स्तानान्तरण कार्यक्रम संचालनमा ल्याईनेछ ।

125. स्वास्थ्य संस्थामा ल्याई सुत्केरी गराउनेलाई प्रोत्साहन गरिनेछ ।

126. होटल-पसल तथा अन्य व्यवशाय संचालन गर्दा दर्तावाला वा ईजाजत पत्र लिएको व्यात्तिले मात्र कारोवार गर्ने व्यवस्था मिलाईनु पर्नेछ । अन्यथा कारोवारमा रोकावट र जरिमाना गर्ने निति गरिनेछ ।

127. "हरियो वन नेपालको धन" कार्यक्रम संचालन निति अर्न्तगत कर्णाली करिडोर, र अन्य शाखा रोड, बाढी, पहिरो प्रभावित क्षेत्रमा तटबन्धन, बृक्षारोपण गर्ने दिर्घकालिन रणनिति तयार गरी कार्यक्रम संचालन गरिनेछ।

128. प्रत्येक वडामा सहकारी सस्था गठन गरी आर्थिक संरक्षण र युवाहरुलाई रोजगारी कार्यक्रम अर्न्तगत यस गाउँपालिकाबाट आवश्क निति तथा कार्यक्रम अगाडी सारिनेर्छ ।

129. परम्परागत संस्कृति देउडा, मागल, चार्ची, भारी खेल, छैठी, चुट्कीला, मुजेरा, आरधी जस्ता कलाको विकास र संरक्षका कार्यक्रम संचालनमा रणनिति तयार गरिनेछ ।

130. "म स्वस्थ मेरो गाउँपालिका स्वस्थ" निति अनुसार हिमाली गाउँपालिका क्षेत्र भित्रका सवै वस्ती तथा वडामा स्वास्थ्य सेवा कार्यक्रम संचालनका लागी गाउँघर किल्नीक र स्वास्थ्य चौकी प्रस्तुती गृहको लागि गा.पा.केन्द्रमा १५ सैया सम्म रहेको अस्पताल संचालनको लागी विशेष पहल गरिनेछ ।

131. लोप उन्मुख बन्यजन्तु बाघ, हिमचीतुवा, भालु, झारल, नावर, घोरल, कस्तुरी, मृग, डाँफे, कालिज जस्ता जिवजन्तु तथा चराचुरुङ्गी संरक्षण, डढेलो नियन्त्रण, वनअतिक्रमण नियन्त्रण, चोरी सिकारी नियन्त्रण जस्ता जनचेतना मुलक कार्यक्रममा जोड दिईनेछ।

132. धार्मीक तथा पुरातात्तिक संरचना, सार्वजनिक स्थलको संरक्षका कार्यक्रम अघि सारिनेर्छ।

133. चरन क्षेत्र संरक्षणका लागि खर्क क्षेत्रमा ह्वाईट क्लोभर घाँस खेति, बधुवा र चरन चक्र प्रणाली अनुसार चराउँने व्यवस्थाको सुरुवात गरिनेछ ।

134. विपत जोखिम न्युनिकरणका लागी हिमाली गाउँपालिका बिपत व्यस्थापन निर्देशिका तयार गरी विपत न्युनिकरणका लागि चेतना विकास तथा अन्य विपत जोखिम न्यूनिकरणका कार्यक्रम संचालनमा जोड दिईनेछ ।

135. गाउँघरमा सरसफाईलाई अभियानका रुपमा संचालन गरिनेछ ।

136. यस गाउँ पालिका भित्र रहेका सम्पुर्ण शाखा तथा इकाईमा रिक्त रहेका दरवन्दी पुर्तिको लागि आवश्यक पहल गरिनेछ ।

137. कर्मचारी तथा जन प्रतिनिधिको क्षमता विकासका लागि क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

138. बाझो जग्गा पलटिङ गरी बजार व्यवस्थापन गर्ने निति अघि सारिनु पर्नेछ।

139. कृषि तथा पशुपंक्षि विमा कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।

140. प्रत्येक वडामा प्रतिक्षालय र गाउँपालिकामा अनाथ वालगृह, बृद्धा आश्रम निर्माण गर्न पहल गरिनेछ ।

141. यस गाउँपालिकाको धुलाचौर, कवाडीमा रहेको खाद्य तथा नुन डिपोलाई निरन्तरता दिदै, विच्छ्याँका लागि स्थायी खाद्य तथा नुन डिपो राख्न विषेश पहल गरिनेछ ।

142. जनप्रतिनिधीहरुको पोषाकमा एकरुपता ल्याईनु पर्नेछ।

143. वजार क्षेत्र तथा धामिक क्षेत्रमा खानेपानीका धारा र सार्वजनिक सौचालय निर्माण गरी पुर्ण सरसफाई युक्त हिमालि गाउँपालिका बनाउने निति अघि सारिनेर्छ।

144. पशु सेवा, स्वास्थ्य सेवामा संलग्न कर्मचारीलाई जोखिम भत्ता र अन्य कर्मचारीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने निति अघि सारिनेर्छ ।

145. यस हिमाली गाउँपालिकामा सुचना प्रसारण तथा जनचेतना अभिवृद्धि गर्न एफ.एम. संचालनको लागि पहल गरिनेछ ।

146. १४. यस गाउँपालिका क्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा छैनन् । आगामी वर्षमा नेपाल राष्ट्र बैंकको नीति तथा देशका सम्पुर्ण स्थानीय तहमा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने बानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ

147. १५. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति,पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

148. सफा र हरियाली गाउँपालिका निर्माणका लागि हरित सडक खोला खोल्सामा वृक्षारोपण ,बाँसद्धारा तट्बन्धन ,सामुदायिक वनको संरक्षण ,खाली ठाउँमा वृक्षा रोपण आदि कार्य गरिने छ ।

149. बाताबरण संरक्षणका लागि जिल्ला वन कार्लयसंग समन्वय गरि एक गाउँ अनेक उद्धान कार्यक्रम सफल गर्न आवश्यक कार्यहरु अगाडी बढाईने छ ।

150. बन जंगल संरक्षण सम्बर्द्धन गर्न चौपायालाई चरिचरन नियन्त्रण कार्य गरिने छ ।

151. गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँ घोषणा गर्ने तर्फ आभियान अगाडी बढाईने छ ।

152. गाउँपालिकालाई पूर्ण गोठेमलको व्यबस्थापन र प्रत्येक घरमा सुधारिएको चुलो धुँवा रहित व्यबस्थापन गर्ने कार्यक्रम गरिने छ ।

153. बातावरण संरक्षणका लागि जलवायु परिवर्तन अनुकुलनका कार्यक्रम , वन तथा बातावरणका कार्यक्रम गरिने छ । गाउँपालिकाभित्र हुने भूस्खलन, बाढीपहिरो ,आगलागी ,भुकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिबाट तुरुन्त राहत कार्य गर्न गाउँपालिकामा सशस्त्र प्रहरी , नेपाल प्रहरी ,जिल्ला प्रहरी र नेपाल रेडक्रससंग समन्वय गरि तुरुन्त प्राथामिक राहत र दिर्घकालिन योजना बनाउन गा पा मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिने छ । विपद व्यवस्थापनका लागि अस्थाई आश्रयको व्यवस्था गरिने छ ।

154. गाउँपालिका क्षेत्रभित्र संचालित ठुला आयोजनाहरुको निर्माणमा बातावरणीय प्रभाव मुल्याङ्कन र बायो इन्जेनिरिङ्ग (BIo Engineering) को प्रविधि अवलम्बन गर्दै लगिने छ ।

155. एक घर दुई रुख सन्तुलित बातावरण र सुख भन्ने नारालाई सफल पार्न सफा र हरियाली गाउँपालिका निर्माणका लागि वृक्षारोपण कार्य गरिने छ ।

156. गाउँ क्षेत्रमा प्लास्टिक तथा अजैविक वस्तुहरुलाई निरुत्साहित गरिदै लगिने छ ।

157. गाउँपालिका लाई पूर्ण सरसफाईयुक्त घोषणा गर्ने तर्फ अभियान अगाडी बढाईने छ ।

158. बन ,भुसंरक्षण,सामुदायिक वन ,पहिरो ग्रस्त क्षेत्रमा डाले तथा बहुवर्षिय घाँस खेति , जडिबुटी खेति ,फलफुल विकासका कार्यक्रम संचालनका कार्यलाई अघि सारिने छ ।

159. हिमाली गाउँपालिकामा पर्ने सामुदायिक वन र कबुलियति वनको संरक्षण र सम्वर्द्धन गरिनुका साथै थप प्रभावकारी विकासका कार्यक्रम ल्याइने छ ।

160. जलवायु परिवर्तन अनुकुलन खेती कार्यक्रमलाई अगाडि बढाइने छ ।

161. म स्वस्थ मेरो गाउँपालिका स्वस्थ भन्ने नारालाई अगाडि बढाइने छ ।

162. हिमाली गाउँपालिकालाई खुला दिसा मुक्त क्षेत्र घोषणा गरिने छ ।

163. फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ्ग साइट (**Dumping site)** को व्यवस्था गरिने छ ।

164. भूमि अतिक्रमण र वन अतिक्रमण रोक्ने पहल गरिने छ ।

165. गाउँ पालिकामा राम्रो काम गर्ने व्याक्तिलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

166. गाउँ पालिकामा अन्य संघ संस्थालाई कार्य संचालनमा सहजताका लागि साझेदारी कोषको व्यवस्था गर्निछ ।

167. गाउँ पालिकामा संचालित सम्पुर्ण संघ संस्थाको नियमित अनुगमन मुल्याङ्कन गाउ पालिकाबाट

168. हुनेछ ।

169. महिलाको पाठेघर समस्या र वालविवाह ,वहुविवाह ,छुवाछुत , छाउपडि प्रथा निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम संचालन तथा महिला,बालवालिका,किशोरी,युवा,जनजाती तथा पछाडी परेका सिमान्तकृत बर्गलाई व्यावशायिक सिपमुलक क्षमता विकास कार्यक्रम संचालन गरिनेछन ।

170. शुशासनको लागि सर्तकता केन्द्रसाथै प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र स्स्थापना गरिनेछ ।

171. पर्यटन क्षेत्रको विकास गर्ने गाउँपालिका भित्रका सबै वडाहरुमा सडक संजालको विस्तार , मन्दिर तथा देविस्थल निर्माण , गुफा ब्यवस्थापन , खरि ढुङ्गा,चुन ढुङ्गाको उत्खनन,जंगल ,पाटन क्षेत्रको संरक्षण निति अगाडी सारिने छ ।

172. जडिवुटी ,बन पैदावार क्षेत्रको संरक्षण र विकासका लागि वन शुरक्षा योजना बनाई खुल्ला सिमाना क्षेत्रमा शुरक्षावल स्थापनाको लागि विशेष पहल गरिनेछ ।

173. संचार क्षेत्रको विकासका लागि प्रत्येक वडामा फोन सेवा,ईन्टरनेट सेवा,गाउँपालिकामा मिडियाहल विस्तार कार्यक्रममा जोड दिईने छ ।

174. गाउँपालिका भित्र गाउँ प्रहरीको व्यवस्थापनमा पहल गरिने छ।

175. गाउँ पालिका भित्रका पसल होटल अनिबार्य दर्ता गरी मात्र संचालन गर्ने निति लागु गरिने छ ।

176. उत्पादन क्षेत्र जोड्ने बाटो घाटोलाई प्राथमिकता दिईने छ ।

177. तरकारी फलफुल तथा जडिबुटीको विरुवा उत्पादन कार्यलाई वृद्धी गर्न प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

178. कृषि उत्पादनलाई प्रोत्साहन र विक्री वितरणमा सहजता ल्याउन गाउँपालिका केन्द्रमा पुर्वाधार विकास गरी साप्ताहिक कृषि,पशु पंक्षी हाटवजार संचालन गर्न पहल गरिने छ ।

179. स्थानिय स्रोत साधनमा आधारित सिप मुलक कार्यक्रम संचालन गरी कम्तीमा प्रति बर्ष ५ जना रोजगारी हुने कार्यक्रम संचालन गरिने छ ।

180. खाद्य तथा पशु पंक्षि पकेट प्याकेज क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिने छ ।

181. रैथाने बालि संरक्षणमा जोड दिईने छ ।

182. रोग किरा नियन्त्रण,रसायनिक मल प्रविधिलाई निरुत्साहित गर्दै जैविक प्रविधी संचालन गरिने छ।

183. पछाडी परेका महिला ,दलित तथा बिपन्न बर्गका व्यात्तिका लागि ज्ञान ,सिप ,क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।

184. जल,जंगल,गैरकाष्ठ वन पैदावार,जडिबुटी,फलफुल खेति,पशुपालनमा आधारित उद्योग(जटिबुटी प्रशोधन,अल्लो भाङ्ग्रो, स्याउ प्रशोधन, उन प्रशोधन, मह प्रशोधन आदी ) संचालन गरिनेछ ।

185. देशको अर्थतन्त्रको मेरुदण्ड कृषि तथा पशुपालन क्षेत्रको विकास नै यस गाउँपालिकाको प्रमुख आधार भएकाले प्रत्येक वडामा एक कृषि एक पशु स्वास्थ्य प्राविधिक राख्ने निति अघि सारिनेछ ।

186. निर्बाहमुखि खेति प्रणालिलाई छोडी व्यावशायिक कृषि प्रणाली जोड दिईनेछ ।

187. धुम्रपान,मध्यपान , ईजाजत पत्र लिएको व्यात्तिले निश्चित अवधी मात्र कारोवार गर्ने अन्यथा लागुपदार्थ कारोवारमा रोकावट र जरिमाना गर्ने निति ल्याइनेछ ।

188. लोप उन्मुख बन्यजन्तु  बाघ,भालु,झारल ,नावर,घोरल,कस्तुरी ,मृग, डाँफे ,कालिज जस्ता जिवजन्तु तथा चराचुरुङ्गी संरक्षण ,डढेलो नियन्त्रण,वनअतिक्रमण नियन्त्रण,चोरी सिकारी नियन्त्रणका कार्यक्रममा जोड दिइनेछ ।

189. धार्मीक तथा पुरातात्तिक संरचना,सार्वजनिक स्थलको संरक्षणका कार्यक्रम अघि सारिनेछ ।

# धन्यवाद

१६. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारी सँधै बस्ने, गाउँवासीको पीरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । विकट भौगोलिक क्षेत्रमा आई काम गर्नुपर्ने बाध्यता भएकाले आवश्यक प्रोत्साहन  भत्ताको व्यवस्था गरिएको छ ।

१७. यस गाउँक्षेत्रका युवाहरुमा वेरोजगारीको दर उच्च छ, सक्रिय जनसंख्याको हिस्सा उच्च हुँदा पनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिँदा एकातर्फ गरिबी न्युनीकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोत साधनका समुचित परिचालन हुन नसकेको तीतो यथार्थ हाम्रो सामु छ । युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवा लक्षित कार्यक्रमहरु ल्याइएको छ ।

१८. यस वर्षलाई हिमाली गाउँपालिकको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । गाउँपालिका क्षेत्रभित्रका लागि तय गरिएको राजश्व उठाउने तर्फ पनि उत्तिकै पहल गरिनुका साथै यस क्षेत्र हिउँदमा बढी चिसो हुने हुनाले आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ साथै यस गाउपालिकाभित्र केन्द्रिय योजनाहरु पार्न पहल गरिनेछ ।

यस गाउँपालिकाको एकिकृत, समावेशी र नतिजामुखी विकासका लागि केही समस्या र चुनौतीहरु विद्यमान छन् । जुन यस प्रकार प्रस्तुत गर्न चाहन्छु ।

❖ स्थानीय टोल, बस्ती र समुदायको परिचालन र सहभागिता बाटै सम्बोधन हुन सक्ने स-साना योजनाका मागहरु सम्बोधन गर्नुपर्ने अवस्था छ ।

❖ योजना छनौट प्रक्रियामा सचेतनाको अभावले प्रतिफल नदिने र अनुत्पादक क्षेत्रका योजनाहरु माग हुने विषयमा पर्याप्त सचेतना पुर्‍याउन सकिएको छैन ।

❖ जनसहभागितामा आधारित, सन्तुलित र न्यायोचित विकास गर्ने कार्य चुनौतीपूर्ण छ ।

- लक्षित समूहहरुमा जीवन-यापनका आधारभूत सीप प्रदान गरी आय-आर्जन वृद्धि गर्नेखालका कार्यक्रम छनौट र कार्यन्वयन गर्न चुनौती देखिएको छ ।
- सीमित स्रोत र साधनको कारण गाउँपालिकाको पूर्वाधार तयार गरी संस्थागत विकास तथा सुधार गर्न चुनौतीपूर्ण छ ।
- पूर्वाधारको अभाव तथा सेवा उद्योगको अभावमा पर्यटन प्रबर्द्धन गर्ने कार्य चुनौतीपूर्ण छ ।
- आयोजना सञ्चालनमा जनसहभागिता वृद्धि गर्दै पारदर्शीता, जवाफदेहिता, सुशासन र आयोजना प्रति अपनत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।
- गाउँपालिकाको अधिकार क्षेत्रभित्रको कर संकलन गर्न करदाताहरुको अपेक्षित सहयोग प्राप्त गरी आन्तरिक आय अपेक्षित रुपमा वृद्धि गर्नु चुनौतीपूर्ण छ ।
- गाउँपालिकाको क्षमता र जन अपेक्षा बीच ठूलो अन्तर रहेको छ ।
- विकट भुगोल, सडक विहीनता, प्रतिकुल मौसमका कारण विकास गतिविधीहरु सञ्चालन गर्न र अनुगमन र मुल्यांकन गर्नका लागि चुनौति रहेको छ ।

उल्लेखित समस्याहरुका बीच यस गाउँपालिकामा थुप्रै अवसर र सम्भावनाहरु विद्यमान छन् ।

- संविधान कार्यान्वयनको पहिलो पाइलाका रुपमा गाउँपालिका स्थापना भएको एक वर्ष नपुग्दै जनताको विकास प्रतिको उत्साह,अपेक्षा र उर्जा बढ्दो छ ।
- विगत लामो समयदेखि जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य भई स्थानीय तहको निर्वाचनपश्चात जनप्रतिनिधीहरुको पदवहाली भइसकेकाले जनमतअनुसार द्रुत गतिमा विकासका गतिविधिहरु सञ्चालन गर्ने साथै सोको जवाफदेहिता, पारदर्शिता कायम गरी सुशासन कायम गर्न सकिने सम्भावना रहेको छ ।
- स्थानीय तहमा नै योजना बनाई कार्यान्वयन हुने भएकाले आवश्यकता र मागमा आधारित विकासको सम्भावना बढेको छ । पर्यटन प्रवर्द्धन तथा पशुपालनको माध्यमबाट स्थानीय जनताको आयस्तरमा वृद्धि गरी गरिवी न्युनीकरण गर्ने तथा समावेशी र समतामुलक विकासको प्रचुर सम्भावना छ ।

❖ विगतमा अपेक्षित लाभ लिन नसकिएका यार्सागुम्वा, पाँचऔंले, गुच्चीच्याउ लगायतका बहुमुल्य जडिबुटीहरुहरु संकलन गरी वजारीकरण गर्नका लागि प्रचुर संभावना रहेको छ ।

❖ मनमोहक ट्रेकिङ रुट, अनुपम प्राकृतिक सौन्दर्यले भरिपुर्ण स्थानहरु तथा प्राचिन गुम्बाहरु भएकाले पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने सम्भावना छ ।

आगामी आर्थिक वर्षको वार्षिक गाउँ विकास योजनाको प्रमुख उद्देश्यहरु यस प्रकार छन् ।

❖ गाउँपालिकाको आर्थिक, सामाजिक, पर्यटकीय एवं पूर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने ।

❖ गाउँपालिकामा रहेको गरिबी न्यूनीकरण गर्न रणनीतिक योजनाहरुको तर्जुमा गर्ने,

❖ गाउँपालिकाको नीतिगत, संस्थागत र भौतिक पूर्वाधार स्थापना गर्ने ।

❖ सुशासन प्रबर्द्धन गरी विकास आयोजना एवं कार्यक्रमहरुलाई नतिजा मुलक र उत्पादन मुलक बनाउने ।

❖ सामाजिक आर्थिक रुपमा पछाडि परेको वर्गहरुलाई स्वरोजगार सृजना गरी आत्म निर्भर तर्फ उन्मुख गराउने ।

सभाध्यक्ष महोदय, अव म आगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु । राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.व. २०७४।७५ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क, दस्तुर आदिबाट कुल २ लाख ५० हजार राजश्व प्राप्त हुने अनुमान गरिएको छ । आ.व. २०७४।७५ को लागि स्वीकृत करको दर अनुसुचीमा उल्लेख गरिएको छ ।

उपस्थित महानुभावहरु,

मिति २०७४ साल जेष्ठ महिनाको १५ गते व्यवस्थापिका संसदमा केन्द्रिय सरकारका माननीय अर्थमन्त्रीले पेश गरेको बजेट घोषणामा आ.व. २०७४।७५मा यस हिमाली गाउँपालिकाको लागि नेपाल सरकारले दिने वित्तिय समानीकरण अनुदानको हिस्सा रु. १३ करोड ७९ लाख ७ हजार प्राप्त भएको छ । सोही बजेट वक्तव्यमा घोषणा भए अनुसार सशर्त अनुदानको रुपमा रु. ४ करोड ६२ लाख ३० हजार प्राप्त भएको छ । साथै गत वर्ष अल्या रकम रु ९९ लाख ५४

हजार ४ सय १७ , कर्णाली रोजगारको १ करोड ८२ लाख र लिंक हेल्पटासको १५ लाख ७१ हजार ५०० सय मात्र प्राप्त भएको छ ।

सभाध्यक्ष महोदय,

अव म व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु । यस वर्षको कुल बजेट रु. २१ करोड ४१ लाख १२ हजार ९ सय १७ ।

| | |
|---|---|
| गाउपालिकाको चालु खर्च | ३४१७३८८२।०० (तीन करोड एकचालीस लाख त्रीहत्तर हजार आठ सय बयासी) |
| लिग हेल्वेटास चालु खर्च | १५७१५००।०० (पन्ध्र लाख एकहत्तर हजार पाँच सय) |
| सशर्त अनुदान खर्च | ४६२३००००।००(चार करोड बैसठ्ठी लाख तीस हजार) |
| गाउपालिकाको भवन निमार्ण | ११५०००००।० (एक करोड पन्ध्र लाख) |
| गाउपालिकाको जग्गा खरिद | १००००००।०० (दश लाख) |
| गाउपालिकाको पुजिगत खर्च | १०४१००००।०० (एक करोड चार लाख दश हजार) |
| गाउपालिकाको अन्य कार्यक्रम खर्च | २४९८७५३५।० (दुई करोड उन्पचास लाख सतासी हजार पाँच सय पैतीस) |
| सडक तर्फ | ३०२९००००।० (तीन करोड दुई लाख नब्बे हजार) |
| विधुत तर्फ | १०५०००००।० (एक करोड पाँच लाख) |
| खानेपानी तर्फ | १७४५००००।० (एक करोड चौहत्तर लाख पचास हजार) |
| घोरेटो बाटो तर्फ | ३००००००।० (तीस लाख) |
| सिचाई कुलो तर्फ | ३६०००००।० (छत्तीस लाख) |
| तडबन्ध तथा घेरबार तर्फ | ७१५००००।० (एकहत्तर लाख पचास हजार) |
| शिक्षा तर्फ | ७६०००००।० (छेहत्तर  लाख) |
| पर्यटन तर्फ | ४६५००००।० (छयालीस लाख पचास हजार) |
| जम्मा | २१४११२९१७।० (दुई करोड एकचालीस लाख बाह्र हजार नौ सय सत्र) |

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु,

यस गाउँपालिकाको पहिलो गाउँसभाद्वारा पारित वार्षिक बजेट, नीति र कार्यक्रमहरु सार्वजनिक गर्न आयोजित यस समारोहमा आफ्नो व्यस्तताको बावजुद पनि हाम्रो आतिथ्यता स्वीकार गरी हामीलाई आफ्नो कार्य प्रति अभिप्रेरित गर्ने प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसैगरी पहिलो गाउँसभाको तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागी हुनु भएका गाउँपालिकाका सम्पुर्ण जनसमुदायहरु, गाउँपालिकाका कार्यकारी अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारी वन्धुहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, दातृ निकाय, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्ति गर्न चाहन्छु । त्यसै गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात सँगै आजको यस सार्वजनिकीकरण समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुऱ्याएको योगदानका लागि उच्च मुल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत योजना, नीति र कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै बजेट कार्यान्वयन वर्षको रुपमा मनाउनका लागि सहयोगको अपेक्षाका साथ विदा हुन अनुमति चाहन्छु ।

धन्यवाद !